# कर्मचारी आवश्यकता

**(प्रथम पटक प्रकाशित मिति : २०८०/१२/१८ गते)**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत पत्र प्राप्त राष्ट्रियस्तर कार्यक्षेत्र भएको यस **सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्थाका** लागि तपशिलमा उल्लेखित पदहरुमा कर्मचारी आवश्यकता भएकाले देहायको योग्यता पुगेको योग्य नेपाली नागरिकले निवेदनका साथ हालसालै खिचेको पासपोर्ट साईजको फोटो, नेपाली नागरिकताको प्रतिलिपि, बायोडाटा, शैक्षिक तथा अनुभव प्रमाण पत्रका प्रतिलिपी सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र तोकिएको ठेगानामा आवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | संख्या | शैक्षिक योग्यता/अनुभव |
|---|---|---|---|---|---|
| १ | ०३/२०८०/०८१ | वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत | कार्यकारिणी तह( व्यवस्थापकिय श्रेणी) | १ | चार्टड एकाउण्टेन्सी वा व्यवस्थापन बैंकिङ, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, ग्रामिण विकास, कृषि, समाजशास्त्र वा कानुन विषयमा स्नातकोत्तर उपाधि हाँसिल गरी बैकिङ तथा वित्तीय क्षेत्र, सरकारी निकाय, संगठित संस्था, विश्वविद्यालय वा त्यस्तो कार्य गर्ने अन्तराष्ट्रिय संघ वा संस्थाको व्यवस्थापकीय श्रेणीमा रहि कम्तीमा ७ वर्षको कार्यअनुभव वा उल्लेखित विषयमा स्नातक उपाधि हाँसिल गरी बैकिङ तथा वित्तीय क्षेत्र, सरकारी निकाय, संगठित संस्था, विश्वविद्यालय वा त्यस्तो कार्य गर्ने अन्तराष्ट्रिय संघ वा संस्थाको व्यवस्थापकीय श्रेणीमा कम्तीमा १५ वर्षको कार्यअनुभव । |
| २ | ०४/२०८०/०८१ | सहायक प्रवन्धक (वित्त विभाग प्रमुख) | व्यवस्थापकीय श्रेणी | १ | मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातकोत्तर तह उत्तिर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तीमा ६ वर्षको कार्य अनुभव तथा एक तह मुनिको पदमा कम्तिमा ३ वर्ष कार्य गरेको । र मानविकि तथा शिक्षा संकाय (आर्टस र एडुकेशन ) अध्ययन गरेको भएमा अर्थशास्त्र विषय अनिवार्य हुनुपर्नेछ । वित्त विभागमा रही कार्य गरेको वा Chartered Accountant वा Semi- Qualified Chartered Accountant गरेको लाई विशेष प्राथमिकता दिइनेछ । |
| ३ | ०५/२०८०/०८१ | सहायक प्रवन्धक (तालिम विभाग प्रमुख) | व्यवस्थापकीय श्रेणी | १ | मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातकोत्तर तह उत्तिर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तीमा ६ वर्षको कार्य अनुभव तथा एक तह मुनिको पदमा कम्तीमा ३ वर्ष कार्य गरेको । र मानविकि तथा शिक्षा संकाय (आर्टस र एडुकेशन ) अध्ययन गरेको भएमा अर्थशास्त्र विषय अनिवार्य हुनुपर्नेछ । स्वदेश तथा विदेशका विभिन्न्न तालिमहरुमा भाग लिई प्रशिक्षक/प्रशिक्षणको तालिम प्राप्त व्यक्तिलाई विशेष प्राथमिकता दिइनेछ । |
| ४ | ०६/२०८०/०८१ | सहायक प्रबन्धक (प्रशासन विभाग प्रमुख) | व्यवस्थापकीय श्रेणी | १ | मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातकोत्तर तह उत्तिर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा ६ वर्षको कार्य अनुभव तथा एक तह मुनिको पदमा कम्तिमा ३ वर्ष कार्य गरेको । र मानविकि तथा शिक्षा संकाय (आर्टस र एडुकेशन ) अध्ययन गरेको भएमा अर्थशास्त्र विषय अनिवार्य हुनुपर्नेछ । बैक तथा वित्तीय संस्थामा प्रशासन वा सम्वन्धित विभागमा कार्य गरेकोलाई विशेष प्राथमिकता दिइनेछ । |
| ५ | ०७/२०८०/०८१ | सहायक प्रबन्धक (अनुगमन तथा सुपरिवेक्षण विभाग प्रमुख) | व्यवस्थापकीय श्रेणी | १ | मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातकोत्तर तह उत्तिर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा ६ वर्षको कार्य अनुभव तथा एक तह मुनिको पदमा कम्तिमा ३ वर्ष कार्य गरेको । र मानविकि तथा शिक्षा संकाय (आर्टस र एडुकेशन ) अध्ययन गरेको भएमा अर्थशास्त्र विषय अनिवार्य हुनुपर्नेछ । बैक तथा वित्तीय संस्थामा अनुगमन तथा सुपरिवेक्षण विभागको प्रमुख भई कार्य गरेकोलाई विशेष प्राथमिकता दिइनेछ । |
| ६ | ०८/२०८०/०८१ | अधिकृत ( प्रदेश/कलष्टर/शाखा प्रमुख) | अधिकृत श्रेणी | ५ | मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातक तह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा ६ वर्षको कार्य अनुभव भएको तथा एक तह मुनिको पदमा कम्तिमा २ वर्ष कार्य गरेको । मानविकि तथा शिक्षा संकाय (आर्टस र एडुकेशन ) अध्ययन गरेको भएमा अर्थशास्त्र विषय अनिवार्य हुनुपर्नेछ |

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | संख्या | शैक्षिक योग्यता/अनुभव |
|---|---|---|---|---|---|
| | | | | | ।प्रदेश तथा कलष्टरमा रही कार्य गरेकोलाई विशेष प्राथमिकता दिइनेछ । |
| ७ | ०९/२०८०/०८१ | कनिष्ठ अधिकृत (सुचना तथा प्रविधि विभाग) | अधिकृत श्रेणी | १ | मान्यता प्राप्त विश्व विद्यालयबाट सुचना प्रविधि (IT) मा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तिमा २ वर्ष कार्य गरेको र लघुवित्त संस्थामा सुचना प्रविधि, सर्भर व्यवस्थापन, नेटवर्किङ तथा कर्जा सुचना व्यवस्थापन सम्वन्धी कार्य गरेकालाई विशेष प्राथमिकता दिईनेछ । |

**(क) उमेरको हद :** वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत पदमा ३५ वर्ष पुरा भइ ५८ वर्ष ननाघेको हुनुपर्नेछ भने अन्य व्यवस्थापकीय श्रेणीका लागि आवेदन दिने मितिसम्म २१ बर्ष पुरा भई ४५ वर्ष ननाघेको, अधिकृत श्रेणीका लागि २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको तर व्यवस्थापकिय श्रेणी बाहेकका पदमा महिला उम्मेदवारको हकमा माथिल्लो उमेरको हद ५ वर्ष थप हुनेछ ।

**(ख) छनौट प्रक्रिया :** छनौट सुचीमा परेका आवेदकहरु मध्ये वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत लगाएत व्यवस्थापकीय श्रेणीको पदपुर्ति व्यावसायिक कार्ययोजना (Business Plan) प्रस्तुतीकरण र अर्न्तवार्ता माध्यमबाट गरिनेछ भने अधिकृत श्रेणीको पदपुर्ति लिखित तथा अन्तर्वार्ता परिक्षाका माध्यमबाट गरिनेछ । परीक्षणकालमा नियुक्त कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक भएमा मात्र स्थायी नियुक्ति दिईने छ ।

**(ग) परीक्षा दस्तुर :** वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृतको लागी रु ३०००।, अन्य व्यवस्थापकीय श्रेणीका लागि रु.२०००।- र अधिकृत श्रेणीका लागि रु.१०००।- आवेदकहरुले यस सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को नाममा रहेको राष्ट्रिय वाणिज्य बैक लि.बागलुङको खाता नं ३३७०१०००००८३४००१ मा रकम जम्मा गरी, भौचर अनिवार्य आवेदन सहित पठाउनु पर्नेछ ।

**(घ) निवेदन पठाउँदा :** सम्वन्धित आवेदकको हस्तलिखित निवेदन, आफुले काम गर्न चाहेको पद, उमेर, कार्य अनुभव, हालसालै खिचेको पासपोर्ट साईजको फोटो, सम्वन्धित पदका लागि तोकिएको शैक्षिक योग्यता, आफुलाई राम्रोसंग चिन्ने कुनै दुई जना व्यक्तिको नाम, सम्पर्क नं. लगाएतका विवरणहरु उल्लेख गरिएको Bio-Data, निवेदन, नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यता तथा स्पष्ट अनुभव प्रमाणित हुने कागजातका प्रतिलिपी PDF फरम्याटमा एउटै फाईल बनाई संलग्न गर्नुपर्नेछ ।

**ङ) प्राथमिकता :** कम्प्यूटर सम्वन्धि राम्रो ज्ञान भएका, व्यक्तिगत सवारी साधन तथा सवारी चालक अनुमती पत्र भएका,आवेदकहरुलाई विशेष प्राथमिकता दिईनेछ ।

**च) काम गर्नुपर्ने कार्यालय :** छनौट भएका उम्मेदवारहरुले वित्तीय संस्थाले खटाएको जुनसुकै कार्यालयमा रही काम गर्नुपर्नेछ ।

**(छ) तलव भत्ता तथा अन्य सुविधाहरुः** वित्तीय संस्थाको नियमानुसार हुनेछ ।

**(ज) योग्यता सम्वन्धमा थप प्रष्टयाई :** मानविकि तथा शिक्षा संकाय (आर्टस र एजुकेशन) अध्ययन गरेका उम्मेदवारहरुले अर्थशास्त्र विषय अनिवार्य अध्ययन गरेको हुनुपर्नेछ ।

**(झ) आवेदन दिनका लागि :** http://www.cycnlbsl.org.np/careers

**नोट :** रितपूर्वक प्राप्त दरखास्तहरु मध्येबाट छनौट सुचीमा (Short List) मा परेका उम्मेदवारहरुलाई मात्र लिखित, कार्ययोजना प्रस्तुतीकरण र अर्न्तवार्ताका लागि सम्पर्क गरिनेछ । कर्मचारी छनौट सम्वन्धि सम्पूर्ण अधिकार तथा अन्तिम निर्णय गर्ने अधिकार स्वयं संस्थामा अन्तरनिहीत रहनेछ ।

**पदपुर्ति समिति**

**सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड**
**केन्द्रीय कार्यालय, पोखरा**
**पोखरा महानगरपालिका, वडा नं.-८, सभागृहचोक कास्की**
फोन नं.: ०६१-५९०८९४, ५९०८९५/Email: info@cycnlbsl.org.np, Website: cycnlbsl.org.np